प्रस्तावहरु:

१. जडीबुटीको राजश्व संकलन सम्बन्धमा।

२. कामकाज सरुवा भई आएका कर्मचारीहरुको पदस्थापन सम्बन्धमा।

३. कार्यालय विविध।

निर्णयहरु:

**निर्णय नं. १:** प्रस्ताव नं. १ मा छलफल गर्दा यस गुठीचौर गाउँपालिकाबाट निकासी हुने विभिन्न प्रकारका जडीबुटीहरुको राजश्व गुठीचौर गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को स्वीकृत आर्थिक ऐनमा तोकिए अनुसारको दररेट बमोजिम संकलन गर्नका लागि वडा नं. १ लाई जिम्मा दिने र सो कार्यमा खटिएको कर्मचारीलाई उठाएको राजश्वको दश प्रतिशत वा दश हजार मध्ये जुन घटी हुन्छ सोही अनुसार रात्रीमा राजश्व उठाए बापत अतिरिक्त सुविधा दिने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. २:** प्रस्ताव न २ मा छलफल गर्दा उक्त प्रस्ताव उपर कुनै निर्णय हुन नसकेकोले अर्को कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो

**निर्णय नं. ३:** प्रस्ताव नं. ३ मा छलफल गर्दा यस गुठीचौर गाउँपालिकाबाट प्रदान गरिने घ वर्गको इजाजत पत्र वितरण गर्दा गुठीचौर गाउँपालिका जुम्लाको **घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७४** को दफा २ बमोजिम नयाँ इजाजत पत्र सम्बन्धि व्यवस्थामा आएका दरखास्तहरुमा अनुसूची ५ बमोजिमका योग्यता भए नभएको सम्बन्धमा सिभिल इन्जिनियर/सब इन्जिनियर सहित सदस्य भएको समितिबाट जाँचबुझ गराउनु पर्ने व्यवस्था रहेको मा तपशिल बमोजिमको ३ सदस्यीय जाँचबुझ समिति गठन गर्ने सर्वसम्त निर्णय गरियो।

तपसिल

| | |
|---|---|
| १. खरिद समिति संयोजक (विष्णु प्रसाद देवकोटा) | संयोजक |
| २. पूर्वाधार शाखा प्रमुख (दिपेन्द्र भण्डारी) | सदस्य |
| ३. योजना शाखाको प्राविधिक (नवराज योगी) | सदस्य |

**निर्णय नं. ४:** प्रस्ताव नं. ३ मा छलफल गर्दा संघीय सरकार शहरी विकास मन्त्रालयको आर्थिक वर्ष २०८१।०८२ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तरगत यस गुठिचौर गाउँपालिका जुम्लामा इमर्जेन्सी पूर्वाधार निर्माण शिर्षकमा बजेट विनियोजन भएको र इमर्जेन्सी पूर्वाधार निर्माण सम्बन्धी यस कार्यालयबाट हालसम्म कुनै पनि कार्य नभएको र सो सम्बन्धी कार्यविधि समेत उपलब्ध नभएकोले उक्त शिर्षकबाट वडा कार्यालय भवन निर्माण गर्न मिल्ने वा नमिल्ने सम्बन्धमा अन्योल सिर्जना भएकाले मन्त्रालयसँग राय माग गर्ने निर्णय गरियो।

**निर्णय नं.५:** प्रस्ताव नं ३ मा छलफल गर्दा विभिन्न वडा समितिबाट निर्णय भई आए बमोजिमका निर्णय उपर छलफल गरी तपसिल बमोजिम निर्णय गरियो।

तपसिल

क) वडा नं १ को मिति २०८१।०८।२३ गतेको वडा समितिको निर्णय बमोजिम वडा कार्यालयमा रहेको सोलार सिस्टम बिग्रेकोले यस गुठीचौर गाउँपालिका जुम्लाको आर्थिक वर्ष २०८१।०८२ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गतको १ नं वडा कार्यालय व्यवस्थापन शिर्षकमा बिनियोजित रकम रु ४००००० (अक्षरुपी चार लाख) मध्ये लागत अनुमात तयार गरी १८०००० (अक्षरुपी एक लाख असी हजार) बाट सोलार सिस्टम खरिद गर्ने निर्णय गरियो।

बैठक संख्या: १०५२

मिति: २०८१।०८।२४

समय : बिहान ८१:०० बजे

स्थान : गुठिचौर गाउँपालिका जुम्ला

माथि उल्लेखित मिति, समय र स्थानमा गुठिचौर गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर बुढा ज्यूको अध्यक्षतामा तपशिलको उपस्थितिमा गुठिचौर गाउँपालिकाको कार्यपालिका बैठक बसी निम्न निर्णयहरु गरियो।

<u>उपस्थिति</u>

| क.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दान बहादुर बुढा | गाउँपालिका अध्यक्ष | |
| २ | श्री शान्ति कुमारी मल्ल भण्डारी | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री अर्जुन कुमार महतारा | वडा नं. १ वडा अध्यक्ष | |
| ४ | श्री दिप बहादुर ऐडी | वडा नं. २ वडा अध्यक्ष | |
| ५ | श्री ईन्द्र बुढा | वडा नं. ३ वडा अध्यक्ष | |
| ६ | श्री टिकादत्त न्यौपाने | वडा नं. ४ वडा अध्यक्ष | |
| ७ | श्री कमल बहादुर महत | वडा नं. ५ वडा अध्यक्ष | |
| ८ | श्री देउराम नेपाली | कार्यपालिका सदस्य | |
| ९ | श्री बसन्ती बुढा | कार्यपालिका सदस्य | |
| १० | श्री गोइलु कामी | कार्यपालिका सदस्य | गोइम |
| ११ | श्री बास्मती कामी | कार्यपालिका सदस्य | |
| १२ | श्री नन्दरुपा न्यौपाने | कार्यपालिका सदस्य | |
| १३ | ~~श्री अम्बर राज मिश्र~~ मनिष ज्ञवाली | सदस्य सचिव | |
| आमन्त्रित तथा सहयोगि कर्मचारीहरु | | | |
| १ | श्री गंगा प्रसाद पाण्डे | अधिकृत छैटौं | |
| २ | श्री विष्णु प्रसाद देवकोटा | अधिकृत छैटौं | |
| ३ | श्री प्रेम बहादुर शाही | कम्प्युटर अपरेटर | |
| ४ | श्री जयराज कुमाई | लेखा सहायक | |
| ५ | श्री धनराज देवकोटा | का स | |